**REGIONAL NEWS UNIT**
**ALL INDIA RADIO GANGTOK**
**NEPALI NEWS BULLETIN**

**BROADCAST: 18:40 hrs** **Date: 09.02.2025**

मुख्यमन्त्री प्रेमसिंह तामाङले आज महाकुम्भ 2025 को समयमा त्रिवेणी संगममा पवित्र स्नान गर्नुभयो। उहाँले भन्नुभएको छ, यो मेरो आध्यात्मिक यात्राको एक सबैभन्दा महत्त्वपूर्ण क्षण रह्यो, जहाँ मैले 144 वर्षपछि हुने दैवी घटना महाकुम्भको समयमा त्रिवेणी संगममा पवित्र स्नान गरेँ। यो स्नानपछि उहाँले पवित्र नदीहरू गंगा, यमुना र रहस्यमय सरस्वतीको संगमले अतुलनीय आध्यात्मिक ऊर्जा प्रतिध्वनित गर्दछ, जसले भक्तहरूलाई मुक्ति र आध्यात्मिक उचाइको दुर्लभ अवसर प्रदान गर्छ भन्नुभयो। साथै, संसारका हरेक कुनाबाट ऋषि, सन्त र तीर्थयात्रीहरू भीड लागेको यस्तो असाधारण दृश्य देख्दा मानवतालाई बाँध्ने अनन्त मूल्यहरूमा आफ्नो विश्वास झनै बलियो भएको पनि मुख्यमन्त्रीले बताउनुभयो।

## Sikkim Monks-Mahakumbh: Dilliram Dulal

महाकुम्भ मेलामा सहभागी सिक्किमका बौद्ध भिक्षुहरूको प्रतिनिधिमण्डल आफ्नो आध्यात्मिक यात्रा पूरा गरी सुरक्षित रूपमा राज्य फर्किएको छ। 30 भिक्षु र धर्म विभागका दुई अधिकारीसहितको प्रतिनिधमण्डललाई मुख्यमन्त्री प्रेमसिंह तामाङले 3 फेब्रुअरीमा गान्तोकबाट तीर्थयात्राका लागि प्रस्थान गराउनुभएको थियो। मेला अवधिमा, भिक्षुहरूले सिक्किमको समृद्ध बौद्ध सम्पदाको प्रतिनिधित्व गर्दै, विभिन्न आध्यात्मिक गतिविधि र अनुष्ठानहरूमा भाग लिए। यो तीर्थयात्रा फेब्रुअरी 7 सम्म चलेको थियो, जुन आध्यात्मिक विरासतको संरक्षण र प्रवर्धन गर्ने राज्यको प्रतिबद्धताको प्रमाण थियो। भिक्षुहरूले यात्राबाट फर्किएपछि सिक्किम सरकार, विशेष गरी मुख्यमन्त्री प्रेम सिंह तामाङ, मन्त्री सोनम लामा र धर्म विभागका सचिवप्रति हार्दिक आभार व्यक्त गरेका छन्। यसअघि मुख्यमन्त्री प्रेमसिंह तामाङले प्रतिनिधिमण्डललाई आध्यात्मिक तवरमा सन्तुष्टदायी र अर्थपूर्ण अनुभवको कामना गर्दै, हार्दिक शुभकामना दिनुभएको थियो। यस तीर्थयात्राले सिक्किम र बृहत् आध्यात्मिक समुदायबीचको सांस्कृतिक सम्बन्धलाई थप सुदृढ पारेको छ।

## CBC-Outreach Program: RNU

केन्द्रीय सञ्चार ब्यूरोले प्रेस सूचना ब्यूरो गान्तोकसँगको सहकार्यमा आज VIKSIT BHARAT @2047 सम्बन्धी **एक पेड मा के नाम, स्वच्छता ही सेवा र नसामुक्त भारत**-को विषय समेटेको आउटरिच कार्यक्रम गान्तोकस्थित आकाशवाणी आवास परिसरमा आयोजना गरियो। सेवानिवृत्त वरिष्ठ आई.आई.एस अधिकारी सी.के दोर्जी र स्पाइसेस बोर्ड-आई.सी.आर.आई-को वैज्ञानिक एस.एस बोरालगायत अन्य अधिकारीवर्ग कार्यक्रममा उपस्थित थिए। सो अवसरमा चित्रकला, म्युजिकल चेयर र खुल्ला प्रश्नोत्तरी प्रतियोगिताका साथै विभिन्न सांस्कृतिक कार्यक्रम आयोजित गरियो। यस क्रममा भारतीय बोटानिकल सर्भेद्वारा प्रदान गरिएको पोडकोकार्पस नीरिफोलिया र अर्डिसिया म्याक्रोकार्पा नामक दुई बिरुवा परिसरभित्र रोपियो। श्री दार्जी र श्री बोराले आफ्नो सम्बोधनमा जनकेन्द्रित सचेतना कार्यक्रम आयोजना गरेकामा सीबीसी र पीआईबीको प्रयासको प्रशंसा गर्नुभयो। श्री बोराले थप भन्नुभयो.

त्यसैगरी, अन्य व्यक्तित्वहरूले पनि आफ्नो मन्तव्यमा लागुऔषध तथा अन्य यस्ता पदार्थबाट सधैँ टाढा रहनका साथै विकसित भारतका लागि जीवनमा उच्च नैतिक मूल्य कायम राख्नुपर्नेमा जोड दिनुभयो।

## Mangan-Watershed: IPR

आज जलाधार यात्रा अभियान माङशिला GPK मा सफलतापूर्वक आयोजना गरियो। कार्यक्रम सपथ ग्रहण समारोह, भूमिपूजा र GPK सम्मको ऱ्यालीद्वारा सुरुवात गरिएको थियो। ऱ्यालीको उद्देश्य पानी संरक्षणको महत्त्व र समुदायमा पानीका स्रोतको संरक्षणबारे जनचेतना जगाउनु रहेको थियो। जलाधार विकास घटक एक केन्द्रीय प्रायोजित योजना हो जसको उद्देश्य जलस्रोत सहित प्राकृतिक स्रोत व्यवस्थापनमा सुधार गर्नु र किसानहरूलाई जलवायु परिवर्तनसँग अनुकूल हुन मद्दत गर्नु हो। यस पहललाई राज्य सरकारको पूर्ण समर्थन रहेको छ।

## CM-Dalai Lama's brother's death: IPR

मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले परम पावन चौधौँ दलाई लामाका दाजु स्वर्गीय ग्यालो थन्डुपको निधनले आफू मर्माहत भएको बताउनुभएको छ। उहाँले स्वर्गीय थोन्डुपलाई सामुदाय र सीमान्तकृतहरूको हितमा ठूलो योगदान दिने श्रद्धेय व्यक्तित्वको संज्ञा दिँदै भन्नुभयो, उहाँको अटल समर्पण र दयालु प्रयासहरूको हामी सधैँ गहिरो सम्मानका साथ सम्झना गर्नेछौँ। म उहाँको शोकसन्तप्त परिवारप्रति हार्दिक समवेदना व्यक्त गर्दछु।

## Weather: M.O Gangtok

स्थानीय मौसम विज्ञान विभागले दिएको रिपोर्टअनुसार बितेको चौबिस घण्टामा गान्तोक र वरपर क्षेत्रका अधिकतम तापमन 14.5 डिग्री सेल्सियस र न्यूनतम तापमन 7.7 डिग्री सेल्सियस रेकर्ड गरियो। विभागले भोलि अधिकतम तापमान 13 डिग्री सेल्सियस र न्यूनतम तापमान 8 डिग्री सेल्यिस रहने पूर्वानुमान गरेको छ।